गैर-आवासीय नेपाली संघ जापान

निर्वाचन समिति

# जापान निर्वाचन आचारसंहिता-२००८

यहि मे ४,२००८ मा सम्पन्न हुन गईरहेको एनआरएन जापानको दोश्रो राष्ट्रिय अधिवेशनलाई सफलता पूर्वक भव्यरुपमा सम्पन्न गर्नका लागि निर्वाचन आचारसंहिताको व्यबस्था गरिएको छ ।यसलाई पूर्णरुपमा पालना गरि अधिवेशन सफल पार्नु हामी सवैको कर्तव्य र दायित्व हो ।

१-अधिवेशन हलभित्र प्रवेश गरिसके पछि निर्वाचनमा प्रत्यक्ष प्रभाव पार्ने खालका सामग्रीहरु(पर्चा पोष्टर आदी)वितरण गर्न पाईने छैन ।

२-अधिवेशन हलभित्र मादक पदार्थ लग्न वा सेवन गरि होहल्ला गर्न पाईने छैन ।

३-अधिवेशन हलभित्र कुनै पनि उमेदवारको पक्षमा लविङ वा प्रचारात्मक कार्य गर्न पाईने छैन ।

४-निर्वाचनमा माथिल्लो पदका लागि र सदस्यहरुका लागि २ फरक फरक मतपत्र तथा मत पेटिकाको व्यबस्था गरिएको छ ।

५-अध्यक्ष पदको उमेदवारले आफ्ना एक एक जना मतगणना प्रतिनिधी राख्न पाउनेछन ।तर अन्य पदका उमेदवारका हकमा भने यो सुविधा प्राप्त हुनेछैन ।

६-निर्वाचन समन्धमा कुनै प्रश्न वा विवाद उत्पन्न भएमा निर्वाचनसमितिको निर्णय नै अन्तिम मानिनेछ

७-अधिवेशन हलको तोकिएको मतदान हुने स्थलमा मतदाता आफै उपस्थित भई गर्न सकिनेछ ।

८-मतदान स्थलमा आफै उपस्थित भएर मतदान गर्ने मतदाताहरुका लागि सोही स्थलमा मतपत्र उपलब्ध गराइनेछ ।

९-मतदान स्थलमा आफै उपस्थित भएर मतदान गर्ने मतदाताले आफ्नो परिचय खुल्ने कागजात साथमा लिएर आउनु पर्नेछ -जस्तैः ड्राइभिङ्ग लाइसेन्स, राहदानी बा एलाईन कार्ड

**निवार्चनमा उम्मेदवार हुन पद अनुसार दरखास्त दस्तुर निम्न अनुसार लाग्ने छ ।**

(क) अध्यक्ष -------३०,०००।-

(ख)उपाध्यक्ष ------२०,०००।-

(ग) महासचिव ---------२०,०००।-

(घ) सचिव -------------२०,०००।-

(ङ) कोषाध्यक्ष --------२०,०००।-

(च) सदस्य ---------१०,०००।–

निवार्चनमा उम्मेदवार हुने व्यक्तिले पद अनुसार दरखास्त दस्तुर दाखिला गरी उम्मेदवारी फिर्ता लिए पनि दस्तुर फिर्ता हुने छैन ।

एनआरएन कार्यालय Dai 2 Bldg. 3-A, 7-13-7 Nishi Shinjuku, Shinjuku-kuTel: 03-6662-6276 Fax: 03-6662-6277 ,www.nrnjapan.org